महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९
दार्मा गाउँपालिका
सल्यान

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	(Independence)
निष्ठा	(Integrity)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)
व्यावसायिकता	(Professionalism)

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा दंगाल)

२०७९ आषाढ

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रदेश लेखापरीक्षण महानिर्देशनालय
(कर्णाली प्रदेश)

पत्र संख्याः २०७८।७९
च.नं. : १३४

मितिः २०७९।३।१७

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
दार्मा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
सल्यान ।

कैफियत सहितको राय

हामीले गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू.२ करोड ८७ लाख १५ हजार बेरुजू देखिएको छ। प्रतिक्रिया नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू.४७ लाख ५० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.४७ लाख २८ हजार र नियमित गर्नुपर्ने रू.१ करोड ९२ लाख ३७ हजार रहेको छ ।पालिकाको गतवर्ष रु.६ करोड १२ लाख ९० हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु.९ करोड ५ हजार रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**

३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर/गाउँ कार्यपालिका, नगरप्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(शंकर प्रसाद पन्थी)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

दार्मा गाउँपालिका सल्यान

बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
२०७७।७८

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्यौंट			बाँकी बेरुजु			बेरुजु						
दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
३८	२४	२८७१५	०	०	०	३८	२४	२८७१५	४७५०	१९२३७	४७२८	०	०	२३९६६	०

अद्यावधिक बेरुजू स्थिति
२०७७।७८

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्यौंट	बाँकी बेरुजू	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
दार्मा गाउँपालिका सल्यान	६१२९०	०	०	६१२९०	०	२८७१५	९०००५

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : दार्मा गाउँपालिका, सल्यान , दर्मा गाउँपालिका , सल्यान

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	रेशम वली	२०७८-१२-४	हाल सम्म कार्यरत
कार्यालय प्रमुख	Amrit Khadka	२०७६-१०-८	
लेखा प्रमुख	Madhab Kc	२०७६-१०-१	
		बेरुजु रकम	२८,७१५,५१४

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		४,१०,७७,४०९.४	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	३२,०५,२९,३८१	चालु खर्च	२१,७६,७६,१०४.१७
प्रदेश सरकारबाट अनुदान	३,०८,३४,८७७	पूँजीगत खर्च	१९,२५,८०,८०५.६९
राजश्व बाँडफाँट	५,५४,१७,३०७.५	वित्तीय/अन्य व्यवस्था	१,१८,४२,६७१.८३
आन्तरिक आय	३६,०५,९६३.७४		
अन्य आय	८२,०७,४०५		
कुल आय	४१,८५,९४,९३४.२४	कुल खर्च	४२,२०,९९,५८१.६९
बाँकी मौज्दात		३,७५,७२,७६१.९८	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१			**परिचय** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ६ . वडा, ३२ सभा सदस्य, ८१.६ वर्ग किलोमिटर क्षेत्रफल तथा १९ हजार ९६६ जनसंख्या रहेको छ । लेखापरिक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरिक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरिक्षण मार्गदर्शन, व्यवसायिक लेखापरिक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरिक्षण योजना, कार्यक्रम र लेखापरिक्षणको विधि अनुसार लेखापरिक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिती २०७७।०९।२७ मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन् :	
२			**स्थानिय संचित कोष** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा साहयता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजना समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७७।७८ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छः	

सि.नं	आयतर्फ			सि.नं	व्ययतर्फ		
	विवरण	रकम	रकम		विवरण	रकम	रकम
१	**गत वर्षको जिम्मेवारी**			१	**चालु खर्च**	217676104.17	
	क) नगद	0		२	**पूँजीगत खर्च**	192580805.69	
	ख) बैंक	41077409.4		३	**वित्तिय व्यवस्था भुक्तानी**	0	
२	**राजस्व (आन्तरिक आय)**				क) ऋण भुक्तानी	0	
	क) आन्तरिक राजस्व	3605963.74			ख) ब्याज भुक्तानी	0	
	ख) राजस्व बाँडफाँड	55417307.5			ग) अन्य भुक्तानी	0	
	ग) अन्य आय			४	**लगानी**	0	
३	**वित्तिय हस्तान्तरण संघ**				ऋण लगानी	0	
	क) वित्तिय समानीकरण अनुदान	87100000			शेयर लगानी	0	
	ख) सशर्त अनुदान	208025350			अन्य लगानी	0	
	ग) समपूरक अनुदान	0		५	**धरौटी फिर्ता**	1464743	
	घ) विशेष अनुदान	25404031		६	**जनश्रमदान फिर्ता**	0	
४	**प्रदेश सरकारबाट प्राप्त अनुदान**			७	**कोष फिर्ता**	0	
	क) वित्तिय समानीकरण अनुदान	10016000		८	**मौज्दात**		
	ख) सशर्त अनुदान	9595955			क) बैंक मौज्दात	30054899.98	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

	ग) समपुरक अनुदान	7513707			ख) नगद मौज्दात		
	घ) विशेष अनुदान	3709215		९	**शसर्त अनुदान फिर्ता**	10377528.83	
५	**अन्तर स्थानीय तहबाट प्राप्त**	0		१०	**गत बर्षको बढी अल्या**	0	
६	**अन्य**			११	**जनश्रमदान मौज्दात**	0	
	क) क्षेत्रीय शहरी विकास योजना	0		१२	**धरौट मौज्दात**	4348463	
	ख) सडक बोर्ड नेपाल	0		१३	**कोष खाताको मौज्दात**	3169399	
	ग) पर्यटन बोर्ड नेपाल	0					
	घ) एन एन एस डब्लु ए	0					
७	**विभिन्न कोषतर्फको आय**	4153571.09					
८	**जनसहभागिता (नगद)**	0					
९	**विषयगत निकायबाट प्राप्त**	0					
१०	**धरौटी आय**	4054038					
११	**लगानीको साँवा फिर्ता**	0					
१२	**अन्य विविध आय**	0					
	जम्मा	**459672547.69**			**जम्मा**	**459672547.69**	

३ **आन्तरिक नियन्त्रण प्रणाली**

३.१

- आन्तरिक नियन्त्रण प्रणालीः स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन ।
- पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।
- कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरु गठन गरेको पाईएन । • विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो। • पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो • वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन । • जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन । • मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको । • कार्यालयले उद्वेश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको । • कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन । • सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन। • ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन । • सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । • संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । • सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन। • वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ को दफा १४ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन । • निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन । • निजामती सेवा ऐन २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी तलब खर्च लेखेको पाईयो ।तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन । मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउँपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
३.२			**सेवाप्रवाहको स्थिति सेवाप्रवाहको स्थिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :	

विवरण	जम्मा
स्वीकृत घरनक्सा दर्ता पास	0
पञ्जिकरणतर्फ	
जन्मदर्ता	981
मृत्युदर्ता	73

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय				बेरुजु रकम
				बसाईसराई दर्ता	43		
				विवाह दर्ता	128		
				सम्बन्धविच्छेद दर्ता	0		
				पूर्वाधार विकास सडक निर्माण			
				कालोपत्रे सडक निर्माण	0		
				कालोपत्रे सडक मर्मत	0		
				ग्राभेल सडक निर्माण	4 किमि		
				ग्राभेल सडक मर्मत	0		
			स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।				
३.३			**आन्तरिक लेखापरीक्षण शाखा :** प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तिरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । तसर्थ यस गाउँपालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ ध्यान दिनु पर्दछ ।				

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३.४			आन्तरिक लेखापरीक्षण - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर गाउँपालिकाले यस वर्षको अन्तर सरकारी अख्तियारी भएका आर्थिक कारोबारको मात्र कोष तथा लेखा नियन्त्रकको कार्यालय बाट आन्तरीक लेखा परिक्षण गराऐको छ । वित्तिय समानिकरण अनुदान, शसर्त अनुदान, राजस्व बाँडफाड र आन्तरीक आयबाट भएका आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।	
४			**सम्पत्तिको अभिलेख** **सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ ।	
५			**निर्माणको गुणस्तर नियन्त्रण तथा व्यवस्थापन**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५.१			**हेभी इक्विपमेण्टको प्रयोग** — सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :	

गोभौनं./मिति	उपभोक्ता समितिको नाम	भुक्तानी रकम	प्रयोग गरेको हेभी उपकरण	हेभी उपकरणमा भएको खर्च
८।२०७८।३।३०	मौला हाते फारुला नुवाकोटे सडक उ.स.	४७८४९४०।००	डोजर	५५०००००।००
९५।०७८।३।३०	शहिद स्मृती रङ्गशाला फिल्ड निर्माण	२५०००००।००	डोजर	३००००००।००
	जम्मा	७२८४९४०।००		८५०००००।००

नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५.२			**जटिलसंरचना निर्माण** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्पmत् गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :	

सि. नं.	उपभोक्ता समितिको नाम	कामको विवरण	भुक्तानी रकम
१	कंचनगारे चिसापानी सिंचाई योजना	सडक निर्माण	१६०५७०९।००
२	सिमखेती गोठीवन भुर्तिवाङ्ग फरुला सडक	सडक निर्माण	२८३३०००।००
	जम्मा		४४३८७०९।००

नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५.३			**गुणस्तर परीक्षण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । केही उदाहरण देहाय बमोजिम छन् ।	

सि. नं.	उपभोक्ता समितिको नाम	कामको विवरण	भुक्तानी रकम
१	कंचनगारे चिसापानी सिंचाई योजना	सडक निर्माण	१६०५७०९।००
२	सिमखेती गोठीवन भुर्तिवाङ्ग फरुला सडक	सडक निर्माण	२८३३०००।००
	जम्मा		४४३८७०९।००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६			**वित्तिय व्यवस्थापन**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६.१			**चौमासिक खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।	

क्र.सं.	बजेट उपशिर्षक	कुल खर्च	चौमासिक खर्च			
			प्रथम चौमासिक	दोस्रो चौमासिक	तेश्रो चौमासिक	आषाढ महिना
१	चालु खर्चतर्फ	217264695	65730970.17	43127000	108817000	58866000
२	पूँजिगत खर्चतर्फ	191402097	28150628	18053000	146377000	107230000
	जम्मा	408666791	93881598	61180000	255194000	166096000
	प्रतिशत	82.27	18.83	12.27	51.18	33.31

गाउपालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु. ४० करोड ८६ लाख ६७ हजार निकासा भएकोमा प्रथम चौमासिकमा १8.८३ प्रतिशत, दोश्रो चौमासिकमा 12.2७ प्रतिशत र तेश्रो चौमासिकमा ५१.१८ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. १६ करोड ६० लाख ९६ हजार अर्थात ३३.३१ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

६.२			**कल्याण कोष** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । हाल सम्म गाउँपालिकाले कल्याण कोष खडा गरेको देखिएन । आवश्यक कानुनको व्यवस्था गरी कल्याणकोष संचालन गरिनु पर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६.३			**अनुदान फिर्ता** – संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण अनुसार २०७८ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा फिर्ता गरेको पाइएन । खर्च नभई बाँकी रहेको प्रदेश सरकार शसर्त अनुदान रु. २४०८२३।०० रकम प्रदेश संचित कोषमा फिर्ता गर्नुपर्नुपर्ने रु	२४०,८२३

अनुदान प्रदान गर्ने निकाय	अनुदानको प्रकार	प्राप्त रकम	खर्च रकम	फिर्ता रकम	बाँकी रकम
संघीय सरकार	शसर्त	208025350	198668887	10377528.83	0
	विषेश	25484421	25484421	0	0
	समपुरक	0	0	0	0
	अन्य	0	0	0	0
प्रदेश सरकार	शसर्त	9595955	9355132	0	240823
	विषेश	3709215	3710600	0	0
	समपुरक	7513707	7569635	0	0
	अन्य	0	0	0	0
	जम्मा	254328648	2.45E+08	9356463.14	240823

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७			**कानून कार्यान्वयन**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७.१			**कानून र सञ्चालन स्थिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १५ वटा ऐन, ३ वटा नियमावली, २८ कार्यविधि तथा ३ मापदण्ड लगायत ४९ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । पालिकालाई काम गर्न आवश्यक पर्ने कानूनहरु तर्जूमा गरी राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।	
७.२			न्यायीक समिति – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी २० र यो बर्ष थप भएको ११८ गरी कुल १३८ विवाद दर्ता भएकोमा सवै फछ्र्यौट भएको विवरण कार्यालयले पेश गरेको छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।	
८			**बजेट तथा कार्यक्रम संचालन**	
८.१			**बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री टिका शर्मा ओलीले मिति २०७७।३।१० गते रु ४९ करोड ८५ लाख ४१ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७७।३।३१ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७७।५।७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
८.२			**बजेट सीमा निर्धारण समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।	
८.३			**बजेट तथा कार्यक्रम तर्जुमा** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्य.क्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८.४</td><td></td><td></td><td>

क्षेत्रगत बजेट र खर्चको स्थितिः स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको उपलब्द गराएको विवरण अनुसार २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

<table>
<tr><th rowspan="2">क्र.स</th><th rowspan="2">क्षेत्र</th><th rowspan="2">बजेट</th><th rowspan="2">खर्च</th><th>खर्च प्रतिशत</th></tr>
<tr><th>जम्मा खर्चको तुलनामा</th></tr>
<tr><td>१</td><td>आर्थिक विकास</td><td>26377293</td><td>14385050</td><td>3.5</td></tr>
<tr><td>२</td><td>पूर्वाधार विकास</td><td>121037036</td><td>79858979</td><td>19.5</td></tr>
<tr><td>३</td><td>सामाजिक विकास</td><td>235356671</td><td>21271797.86</td><td>51.8</td></tr>
<tr><td>५</td><td>संस्थागत विकास, सेवा प्रवाह र सुशासन</td><td>4400000</td><td>4000000</td><td>0.97</td></tr>
<tr><td>६</td><td>अन्य कार्यालय संचालन तथा प्रशासनिक</td><td>111370404</td><td>99294907</td><td>24.2</td></tr>
<tr><td>जम्मा</td><td></td><td>498541404</td><td>410256909.9</td><td>100</td></tr>
</table>

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट सामाजिक क्षेत्रमा खर्चमा सबैभन्दा बढी ५१.८ प्रतिशत र संस्था विकास, सेवा प्रवाह र सुशासनमा सबै भन्दा घटीमा 0.९७ प्रतिशत रहेको छ ।

</td><td></td></tr>
<tr><td>८.५</td><td></td><td></td><td>

लक्ष्य प्रगति : कार्यालयले चौमासिक र बार्षिक स्तरक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
८.६			**स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।	
९			**विद्यालय व्यवस्थापन**	
९.१			पालिकाले बिद्यालयगत अभिलेख अध्यावधिक तथा निकासा अभिलेख खाता तयार पारी विद्यालयहरुको निकासा गर्नुपर्नेमा निकासा अभिलेख खाता तयार पारेको पाइएन ।	
९.२			पालिकाको सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर मापन मापदण्ड निर्धारण गरी अनुगमन मुल्यांकन गर्नुपर्नेमा मापदण्ड तयार पारेको देखिएन ।	
९.३			पालिका भित्रका निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण तथा निजी विद्यालय शुल्क निर्धारण तोकिए वमोजिम भए नभएको अनुगमन गर्नुपर्नेमा मापदण्ड निर्धारण गरेको देखिएन ।	
१०			**संगठन व्यवस्थापन**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१०.१			**प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ५६ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म ईन्जिनियर सहित ३८ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रमुख प्रशाकीय अधिकृत सहित 18 पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।	
१०.२			निजामती सेवा ऐन २०४९को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी रु.९६८५३२०.०० तलब खर्च लेखेको पाईयो ।तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन ।	
१०.३			**कर्मचारी करार** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा करारमा राखि रु.१२०५२७१८.०० खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेक सव ई 2, अ.हे.व. ७, अनमी ७, ल्याव टेक्निसियन २ गरि विभिन्न ४ पदमा १८ जना करार नियुक्ति गरी बर्षभरीमा रु.६२६८०८०.०० भुक्तानी गरेको अनियमित दिखएको रु.......	६,२६८,०८०

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१०.४</td><td></td><td></td><td>वडा सचिवको पदपूर्ति : पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ।
<table>
<tr><th>वडा संख्या</th><th>वडा सचिवको दरबन्दी</th><th>वडा सचिवको पदपूर्ति</th><th>रिक्त संख्या</th></tr>
<tr><td>6</td><td>6</td><td>5</td><td>1</td></tr>
</table>
रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>१०.५</td><td></td><td></td><td>योजना छनौट र कार्यान्वयन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७७/७८ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।
<table>
<tr><th>रु १ लाख सम्म</th><th>रु १ लाख देखि २ लाखसम्म</th><th>रु २ लाखदेखि ५ लाखसम्मका</th><th>रु ५लाख देखि १० लाखसम्मका</th><th>रु १० लाखभन्दा बढीको</th><th>जम्मा</th></tr>
<tr><td>22</td><td>29</td><td>38</td><td>22</td><td>31</td><td>142</td></tr>
</table>
उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष जम्मा १४२ वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र 22 वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>११</td><td></td><td></td><td>पदाधिकारी सुविधा</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
११.१			**स्थानीय तहका पदाधिकारी सुविधा** : नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार कर्णाली प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट 2076 असोज महिना सम्म देहाय बमोजिम रु.७४३११००।०० सुविधा वापत भुक्तानी भएको छ ।	
११.२			**पदाधिकारी अन्य सुविधा** – कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७७ को दफा ३ मा स्थानीय तहका पदाधिकारीहरुले अनूसूची १ र २ मा उल्लेख भए वमोजिमको सुविधा भुक्तानी गर्नुपर्दछ । पालिकाले पदाधिकारीको सेवा सुविधा भुक्तानी गर्दा इन्धन वापतको सुविधाको रकम भुक्तानी गरेकोमा निम्न पदाधिकारीहरुले चढ्ने सवारिसाधनको इन्धन विल समेत कार्यालयवाट भुक्तानी भएको देखिएकोले सुविधा दोहोरो भुक्तानी भएकोले इन्धन वापत भुक्तानी भएको रकम सम्वन्धितवाट असूल हुनुपर्ने रु.	३७६,९५०

क्रम	**कर्मचारीको/फर्म/संगठन नाम**	**असुली रकम**
११.२.१	अध्यक्ष श्री निम बहादुर के सी	१,४७,०००
११.२.२	उपध्यक्ष श्री टिका शर्मा वली	१,२६,०००
११.२.३	२ नं. वडा अध्यक्ष श्री डिल बहादुर के सी	३४,६५०
११.२.४	३ नं. वडा अध्यक्ष श्री सेतीराम रोकाया	३४,६५०
११.२.५	२ नं. वडा अध्यक्ष श्री दुर्गा बहादुर मल्ल	३४,६५०

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>११.३</td><td></td><td></td><td>आयकर ऐन २०५८ को दफा ८८ र ८९ अनुसार पारिश्रमिक कर कट्टा गर्नुपर्दछ । पालिकाले अध्यक्ष तथा उपाध्यक्षलाई सुविधा वापत आर्थिक वर्ष २०७६।७७ तथा २०७७।७८ को सुविधा भुक्तानी गर्दा आयकर कट्टा नगरेकोले नियमानुसार नपुग रु.६९६८०।०० सम्वन्धितवाट असूल हुनुपर्ने रु
<table><tr><th>सि नं</th><th>पदाधिकारी</th><th>जम्मा आय</th><th>नुपुग कर रकम</th></tr><tr><td>१</td><td>अध्यक्ष श्री निम बहादुर के सी</td><td>७४१०००</td><td>४५२९०</td></tr><tr><td>२</td><td>उपाध्यक्ष श्री टिका शर्मा वली</td><td>६३१०००</td><td>२४३९०</td></tr><tr><td></td><td></td><td>जम्मा</td><td>६९६८०</td></tr></table></td><td>६९,६८०</td></tr>
<tr><td>११.४</td><td></td><td></td><td>खाना तथा विविध खर्च – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु. ११८००००।०० खर्च गरेको छ ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१२	१५८	२०७८-३-३०	**सुरक्षित नागरिक आवास कार्यक्रमः** **खाता रोक्का राखी रकम भुक्तानी** सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत छनौट भई सम्झौता भएका दार्मा गाउँपालिका भित्रका १३२ घरधुरीलाई अनुदान उपलब्ध गराउने उल्लेख छ । पालिकाले सुरक्षित नागरिक आवास कार्यक्रमतर्फ भौतिक घर निमार्ण वापत १३२ घर मुलीहरुको नाममा बैंक खातामा रु.१२५०२।०० का दरले रु.१६५०३२०।०० रकम मिति २०७८।४।११ गतेको प.स २०७७।०७८ को च.नं ९२ को पत्र अनुसार देहायका वडा अध्यक्षहरुको बैंक खातामा जम्मा गरेको छ । लाभग्राही वर्गको खातामा रकम जम्मा नगरी रकम वडा अध्यक्षहरुको खातामा जम्मा गरी वडा अध्यक्षहरुले लाभग्राहीहरुलाई रकम बुझाएको भरपाई पेश गर्ने कार्य नियम सम्मत भएन । साथै लाभग्राही वर्गले उदेश्य अनुसार काम भएको मुल्यांकन नापी तथा कार्य सम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु.	१,६५०,३२०

क्र.स	**वडा अध्यक्षकोनाम तथा विवरण**	**रकम**
१	दुर्गा बहादुर मल्ल (लवदो कामी सहित ४ जनाको)	५००६४
२	चन्द्र बहादुर रावत (ठगे डाङ्गी सहित १६ जनाको)	२०००३२
३	डिल्ली बहादुर के सी (कालि बहादुर कामी सहित ७ जनाको)	८७५१४
४	कवि कुमार चन्द (नरसिंह पुन सहित ४ जनाको)	५०००८
जम्मा		३८७६१८

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१३			**प्रकोप व्यवस्थापन कोष:** पालिकाले पेश गरेको कोभिड विवरण अनुसार संघीय सरकार, प्रदेश सरकार, गाउपालिकाको चालु र पुजिगत खाताबाट ट्रान्स्फर रकम प्रदेश विपद कोषबाट प्राप्त र अन्य व्यक्ति तथा संस्थाबाट प्राप्त अनुदान, सहयोग समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७७/७८ को समग्र प्रकोप व्यवस्थापन कोषको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ।	

बजेट/आम्दानीको स्रोत	२०७8 असार मसान्तसम्म प्राप्त रकम	खर्च शीर्षक	२०७8 असार मसान्तसम्म खर्च रकम
संघीय सञ्चित कोषबाट	1000000	दक्ष जनशक्ति परिचालन र औषधिजन्य सामाग्रि खरिद	955195
प्रदेश सञ्चित कोषबाट	0	0	0
स्थानीय तहको आफ्नै बजेटबाट विनियोजन भएको	5957804	आईशोलेसन केन्द्र निर्माण व्यवस्थापन,औषधि जन्य सामाग्रि खरिद र अन्य खर्च तथा गत बर्षको कर दाखिला	5825269
		बैँक मौज्दात	187340
जम्मा	**6967804**	**जम्मा**	**6967804**

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१४			**आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ ।पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आय तर्फ मालपोत/भुमी, कर, सेवाशुल्क, दस्तुर, सिफारिस दस्तुर वापत अनुमानित रु. 97,74,410/- प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७७/७८ मा रु. 35,22,986/- अर्थात अनुमान भन्दा 63.96 प्रतिशत कम आय प्राप्त गरेको छ ।आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्ने तर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१५</td><td></td><td></td><td>आन्तरिक आयः
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०७७/७८ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।
<table>
<tr><th>केन्द्रिय एंव प्रदेश अनुदानबाट खर्च</th><th>आन्तरिक आयको प्राप्ति</th><th>आन्तरिक आय प्रतिशत</th></tr>
<tr><td>285943199</td><td>39,62,221/-</td><td>1.38</td></tr>
</table>
उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा. 1.38 प्रतिशत मात्र रहेको छ ।त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>१६</td><td></td><td></td><td>व्यवसाय कर-
स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ। यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत कर संकलन नगरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गर्नुपर्दछ । तसर्थ पालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायरा भित्र ल्याउनुपर्दछ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१७</td><td>२०४</td><td>२०७८-३-४</td><td>

वैठक भत्ता

कार्यक्रम कार्यान्वयन निर्देशिका वमोजिम वैठक भत्ता वापत रु १५०० का दरले खर्च लेख्नुपर्दछ । पालिकाको मस्यौदा तयारी तथा संशोधन गर्न वसेको वैठकमा भत्ता दर रु.१००००।०० का दरले भुक्तानी गरेको छ । उक्त भत्ता खर्च लेखेको प्रमाण पेश हुनुपर्ने अन्यथा वढी भुक्तानी भएको असूल हुनुपर्ने रु.

<table>
<tr><th>सि नं</th><th>पदाधिकारीको नाम</th><th>वैठक संख्य</th><th>भुक्तानी</th><th>१५००।०० का दरले हुने रकम</th><th>१००००।०० का दरले कर वाहेक वढी भुक्तानी</th></tr>
<tr><td>१</td><td>नि.प्र.प्र.अ. श्री अमृत खड्का</td><td>९</td><td>९००००</td><td>१३५००</td><td>६५०२५।००</td></tr>
<tr><td>२</td><td>शिक्षा शाखा प्रमुख श्री शेर प्रसाद ढकाल</td><td>११</td><td>११००००</td><td>१६५००</td><td>७९४७५।००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td></td><td>३००००</td><td>१४४५००।००</td></tr>
</table>
</td><td>१४४,५००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१८</td><td></td><td></td><td>पदाधिकारी अनुगमन भत्ता
पदाधिकारी अन्य सुविधा – कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७७ को दफा ३ मा स्थानीय तहका पदाधिकारीहरुले अनूसूची २ को द्रष्टव्य मा उल्लेख भए अनुसार जिल्ला बाहिर मात्र भ्रमण गरेको अवस्थामा मात्र दैनिक भ्रमण भत्ता उपलब्ध हुने उल्लेख छ । पदाधिकारीलाई यस बाहेक अन्य सुविधा दिन मिल्ने देखिदैन । तर पालिकाले उक्त ऐनमा उल्लेख भएको भन्दा विपरित हुने गरी रु.२२०५०।०० बढी भुक्तानी दिएकाले असुल गरि प्रदेश संञ्चित कोषमा दाखीला गर्नुपर्ने रु.
<table>
<tr><th>गो.भौ.नं र मिति</th><th>विवरण</th><th>नाम</th><th>पद</th><th>रकम (कर बाहेक)</th></tr>
<tr><td rowspan="3">१६१। २०७८।३। ३०</td><td rowspan="3">प्रधानमन्त्री कृषि आधुनिकरण परियोजना अन्तर्गत साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) कार्यक्रमको अनुगमन भ्रमण भत्ता</td><td>श्री निम बहादुर केसी</td><td>गाउँपालिका अध्यक्ष</td><td>७३५०</td></tr>
<tr><td>श्री टिका शर्मा वली</td><td>गाउँपालिका उपाध्यक्ष</td><td>७३५०</td></tr>
<tr><td>श्री दुर्गा बहादुर मल्ल</td><td>वडा नं ६ अध्यक्ष</td><td>७३५०</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>२२०५०</td></tr>
</table></td><td>२२,०५०</td></tr>
<tr><td>१९</td><td></td><td></td><td>मुख्यमन्त्री रोजगार कार्यक्रमः</td><td></td></tr>
<tr><td>१९.१</td><td></td><td></td><td>अनियमित खर्चः मुख्यमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७७ को दफा ४ को उपदफा ७ को (अनुसुची १) मा श्रममुलक कार्यमा ७० प्रतिशत श्रम र ३० प्रतिशत सामाग्री खरिद गर्न पाईने उल्लेख छ ।कार्यालयले उपलब्ध गराएको विवरणमा हचुवाको भरमा समितिको खातामा रकम पठाएको देखिन्छ । उपलब्ध विवरण अनुसार रकम खर्चको अनुपात श्रमिकमा ७२.२५ र सामग्री मा २७.७५ प्रतिशत देखिएको छ । खर्चसँग संलग्न केही फाँटवारी परीक्षण गर्दा ८ उपभोक्ता समितिले पेश गरेको कार्यविल तथा कार्यालयबाट नापी गरी प्रमाणित गरेको कार्यसम्पन्न प्रतिवेदन तथा संलग्न आईटम वाईज दर विश्लेषण अनुसार</td><td>१,७२५,३९७</td></tr>
</table>

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			रु. १७,२५,३७९/- बढी को श्रमिक ज्याला र रु. १६,५१,३७७/-कमको सामग्री मूल्य पठाइको देखिन्छ ।कार्यालयले हचुवाको भरमा श्रमिकको खातामा रकम पठाउदा प्रदेश सरकारलाई रु १७,२५,३७९/- थप व्ययभार पर्न गएको देखिन आयो । तसर्थ कामको नापी गर्ने प्राविधिक कर्मचारीलाई समेत जिम्मेवार बनाई उक्त रकम असुल गरी सँघिय सञ्चितकोष दाखिला गर्नुपर्ने रु.	

उपभोक्ता समितिको नाम	**खर्च रकम**	**वास्तविक ज्याला**	**ज्याला भुक्तानी**	**वढि भुक्तानी**	**वास्तविक सामग्री खर्च**	**सामग्री खर्च**	**घटी खर्च**
वोहराघट्ट घारखेत सिंचाइ	745627	363645	562496	198851	361982	183131	१78851
कुकुरगौरा मामिका वाटो निर्माण	2259719	18०3882	1809500	5618	455836	450219	5617
खालीखोला ठूलाखेत सिंचाई कुलो	1879635	884883	1169454	284571	991451	706881	284570
गौरा खेत सिंचाइ निर्माण	1306871	709776	878900	169124	597095	427971	169124
भारीवाडंग खानेपानी योजना	1600518	1345346	1488950	143605	255170	111568	143602
सिमखोली गोठीवन भुतिवाङ्ग सडक स्तरोन्नती	2833696	1701740	1761419	59679	1066711	1072277	5566
वोहरा घट्ट घारखेत खानेपानी	522157	264872	520102	255230	257284	2055	255229
कर्चनगरी चिसापानी सिचाइ कुलो	1605709	889852	1174624	284772	715856	431085	284771
किमुकारु रुण ढुङ्गा सिचाइ	१८२३८४०	823276	1147223	323947	676617	352670	324047
जम्मा	14577772	8787272	10512668	1725397	5378002	3737857	१६५१३७७

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१९.२			(ख) माथी उल्लेखित विवरण अनुसार तोकिएको योजनाको कार्यसम्पन्न प्रतिवेदनमा उल्लेखित परीमाणको सिचाँई कुलो तथा बाटोको काम गर्न सामानको लागी वास्तविक लागत भन्दा रु २१,८४,८८४/-कम रकम समितिको खातामा रकम पठाउदा रु १६,५१,३७७/-कम मुल्य बराबरको सामान खरिद गरेको देखिदा नापी एँव कार्यसम्पन्न प्रतिवेदन माथीको विश्वसनियता प्रति प्रश्न गर्नुपर्ने स्थिति रह्यो । तसर्थ यस सम्बन्धमा छानविन गरी सम्बन्धित उपभोक्ता समिति एँव नापी गर्ने प्राविधिक कर्मचारीलाई समेत जिम्मेवार बनाई छानविन प्रतिवेदन पठाउनुपर्ने रु.	१,६५१,३७७

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२०</td><td></td><td></td><td>मुल्य अभिवृद्धि करः
उपभोक्तालाई रकम भूक्तानी दिदा पालिकाले तय गरेको दर विश्लेषण अथवा जिल्ला दररेट अनुसार मात्र कामको परिमाण हिसाव गरी रकम भूक्तानी दिनु पर्दछ । देहायका ८ उपभोक्ता समितिलाई वाटो निर्माण गर्दा तोकिएको दरमा हिसाव गरिसकेपछि पुन: मूल्य अभिवृद्धि कर थप गरी रकम भूक्तानी गरेको देखियो । तसर्थ नपाउने मू.अ.कर थप दिएको उपभोक्तासंग असूल गरी संचित कोषमा दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>सि.नं.</th><th>भौ.नं. र मिति</th><th>उपभोक्ता समितिको नाम</th><th>भूक्तानी रकम</th><th>मू.अ.कर</th></tr>
<tr><td>१</td><td>159/078/3/30</td><td>तिनपोखरे खोला नेटा पिपल सडक</td><td>632855.00</td><td>83401.00</td></tr>
<tr><td>२</td><td>113/078/3/30</td><td>टेकेमाताल सति सेनी सडक</td><td>435854.00</td><td>56348.00</td></tr>
<tr><td>३</td><td>77/077/11/8</td><td>वागचौर आलुखोला कृषि सडक</td><td>427952.00</td><td>60040.00</td></tr>
<tr><td>4</td><td>75/077/11/5</td><td>वुढाकाफल भानमारे सडक</td><td>387058.00</td><td>65632.00</td></tr>
<tr><td>5</td><td>67/077/9/29</td><td>भंले अम्रै भैनेटी डउरीखोला</td><td>500000.00</td><td>73497.00</td></tr>
<tr><td></td><td colspan="2">प्रदेश सरकार</td><td></td><td></td></tr>
<tr><td>६</td><td>8/078/3/30</td><td>मौलाहाते फरुला नुवाकोट सडक</td><td>4784944.00</td><td>630557.00</td></tr>
<tr><td>7</td><td>4/078/3/30</td><td>टारेचौर सिस्ने खोलाफाइलाचौरसडक</td><td>1004788.00</td><td>132624.00</td></tr>
<tr><td>8</td><td>95/078/3/30</td><td>सहिद समृती रङ्गशाला फिल्ड निर्माण</td><td>2500000.00</td><td>361650.00</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>14¸63¸749.00</td></tr>
</table></td><td>१,४६३,७४९</td></tr>
<tr><td>२१</td><td></td><td></td><td>विद्यालय निकासा</td><td></td></tr>
</table>

२१.१ क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

शिक्षक दरवन्दी र पदपूर्ति - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ ।यस स्थानीय तह अन्तर्गत विभिन्न तहका 36 सामुदायिक विद्यालयहरु मध्ये ८ वटामा शिक्षक पदपुर्ती शुन्य रहेको छ भने २ विद्यालयमा विद्यार्थीको संख्या शुन्य भएको विवरण पेश हुन आएकोले विद्यालयहरुको अनुगमन गरि मर्जर गर्नुपर्दछ। पालिकाले पेश गरेको विवरण अनुसार निम्नानुसारको विद्यालयहरुमा रहेको दरवन्दी तथा पदपुर्तीको अवस्था निम्नानुसार रहेको छ । दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ ।

क्र.सं.	विद्यालयको नाम	जम्मा शिक्षक दरबन्दी	दरबन्दी मध्ये पदपूर्ति		विद्यार्थी संख्या
				पदपूर्ति मध्ये करार	कक्षा १-१२
१	कालिका प्राथमिक विद्यालय सुगाखोला	३	२	१	४३
२	नवजागरण प्राथमिक विद्यालय जलुकेनी	२	१	१	८८
३	नवसर्वसाधारण माध्यमिक विद्यालय रातामाटा	३	२	१	२४९
४	जनशिशु प्राथमिक विद्यालय, कैनपानी	३	१	२	४१
५	कालिका आधारभूत विद्यालय लाखुरीडाँडाँ	४	३	१	२८८
६	जनजागृत आधारभूत विद्यालय पुखात	४	४	०	१९५
७	जनज्योति माध्यमिक विद्यालय, फारूलाचौर	१५	१३	३	११७६
८	कमल प्राथमिक विद्यालय	०	०	०	३३
९	जनता प्राथमिक विद्यालय	०	०	०	0
१०	लोकतान्त्रिक प्राथमिक विद्यालय मलेअग्रै	१	१	०	७५

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय								बेरुजु रकम
				११	ज्ञानपुञ्ज प्राथमिक विद्यालय च्युरेखोला	०	०	०	५८		
				१२	बालकल्याण प्राथमिक विद्यालय लहरेपिपल	०	०	०	०		
				१३	जनकल्याण प्राथमिक विद्यालय स्यालागाँउ	२	१	१	११५		
				१४	जनज्योति प्राथमिक विद्यालय लिरापाजा	३	२	१	४८		
				१५	सरस्वती प्राथमिक विद्यालय भदालेखोला	३	२	१	५४		
				१६	बालकल्याण प्राथमिक विद्यालय घुसखोला	३	०	३	७५		
				१७	राष्ट्रिय माध्यमिक विद्यालय दार्माकोट	८	३	५	५१३		
				१८	बालकल्याण माध्यमिक विद्यालय भुवनटाकुरी	६	५	१	३२४		
				१९	बालज्ञानोदय आभारभूत विद्यालय काफलगैरा	२	२	०	२२७		
				२०	जनकल्याण प्राथमिक विद्यालय झ्यारीवाङ	२	१	१	८१		
				२१	जनसेवा प्राथमिक विद्यालय	०	०	०	०		
				२२	सूर्योदय प्राथमिक विद्यालय	०	०	०	२२		
				२३	दलित जागरण प्राथमिक विद्यालय	०	०	०	५०		
				२४	सूर्योदय माध्यमिक विद्यालय गोठीवन	१२	६	७	५८६		
				२५	नेपाल राष्ट्रिय आधारभूत विद्यालय काफलनेटा	४	२	२	१०८		

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय								बेरुजु रकम
				२६	श्री सिद्दार्थ आधारभूत विद्यालय बडाचौर	३	२	१	४४		
				२७	लक्ष्मी आधारभूत विद्यालय ज्यामीरे	४	४	०	२४८		
				२८	श्री विश्वेश्वर आधारभूत विद्यालय त्रिवेणी	४	२	२	१९१		
				२९	अन्धनाशक आधारभूत विद्यालय रातामाटा	४	२	२	१८२		
				३०	श्री जनकल्याण आधारभूत विद्यालय भालुमारे	३	१	२	१५९		
				३१	भविश्य निर्माता प्राथमिक विद्यालय भुर्तिवाङ	३	०	३	२७		
				३२	नेपाल राष्ट्रिय माध्यमिक विद्यालय ढाकाडामकोट	६	२	४	२५८		
				३३	जनजागरण प्राथमिक विद्यालय ,किमुटाकुरा	०	०	०	१०२		
				३४	सरस्वती प्राथमिक विद्यालय, भालुखोला	१	१	०	७०		
				३५	नवचेतना प्राथमिक विद्यालय मुलपानी	१	१	०	८१		
				३६	दिनदिप जनता प्राथमिक विद्यालय अंगेरनेटा	०	०	०	४८		
					जम्मा	१०९	६६	४५	५८५९		

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२१.२			**समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता** – अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०77 का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु.८७१५५२८.०० तलब भत्ता भुक्तानी नियम सम्मत नदेखिएको रु. भौ. नं. | विवरण | रकम १४६-077/१२/२६ | स्वयम सेवक शिक्षक परिचालन | ४९०४६८०. 2२०-07८/३/२६ | स्वयम सेवक शिक्षक परिचालन | ३८१०८४८. | जम्मा | ८७१५५२८.	८,७१५,५२८
२२			**तालिम सञ्चालनः**	
२२.१	१३०	२०७८-३-२९	अर्थ मन्त्रालयको कार्यसंचालन निर्देशिका २०७५ को ७.१.१५(४) अनुसार तालिम केन्द्र बाहेक अन्य निकायबाट संचालित सबै प्रकारका तालिमका स्रोत व्यक्ति / प्रशिक्षकको पारिश्रमिक (गाउँपालिका स्तर) तोकिएको छ । जसमा एउटा कक्षाको अवधि कम्तिमा १ घण्टा ३० मिनेट हुनुपर्दछ, भन्ने उल्लेख छ । पालिकाले यज्ञ बहादुर बस्नेतले बृहत पोषण विशेष कार्यक्रम सम्बन्धी मिति २०७७।१२।२२ देखी २८ सम्म र २०७७।१२।२९ देखि २०७८।०१।०४ सम्म दुई पटक तालिम संचालन गरेको रु.६४८०६९।०० भुक्तानी गरेको छ । तालिममा प्रशिक्षक प्रशिक्षण वापत यज्ञ बहादुर बस्नेत, आकाश चन्द लाई कक्षा संचालन वापत १४ दिनको ७६ कक्षाको रु.१४०० का दरले रु.१०६४००।०० भुक्तानी भएको छ । संलग्न फाटबारीमा कार्यपत्र पेश भएको नदेखिएको तथा कार्यसंचालन निर्देशिका विपरित प्रशिक्षक यज्ञ बहादुर बस्नेत को १० कक्षाको रु.१४००।०० का दरे रु.१४०००।०० र आकाश चन्द को १० कक्षाको रु.१४००।०० का दरले रु.१४,०००।०० गरि भुक्तानी दिएको रु.२८,०००।०० कार्यसंचालन निर्देशिका विपरित भएकाले सम्बन्धितबाट असुल गरी संघिय संचितकोषमा दाखिला गर्नुपर्ने रु.	२३,८००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२२.२			(ख) पालिकाले यज्ञ बहादुर बस्नेतले बृहत पोषण विशेष कार्यक्रम सम्बन्धी मिति २०७७।१२।२२ देखी २८ सम्म र २०७७।१२।२९ देखि २०७८।०१।०४ सम्म दुई पटक तालिम संचालन गरेकोमा २०७७ चैत्र २२ देखी २८ सम्मको तालिमका २५ जना र दोश्रो पटकको तालिम २०७७।१२।२९ देखि २०७८।०१।०४ सम्मका २३ जना सहभागीहरुलाई सहभागी वापत भत्ता पहिलो तालिमको रु.११७६००।०० र दोश्रो तालिमको रु.११२७००।०० वितरण गरेको भरपाई नदेखिएकाले वितरण भरपाई पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.	२३०,३००
२३	४६	२०७८-१-२	**औषधी खरिदः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ को उपनियम १ मा बिस लाख रुपैयाँसम्मको लागत अनुमान भएको औषधिजन्य मालसामान खरिद गर्दा शिलबन्दी दरभाउ पत्रबाट गर्नुपर्ने उल्लेख छ । पालिकाले उक्त प्रक्रिया अनुसार आधारभुत तथा आकस्मिक सेवाको लागि औषधि र स्वास्थ्य सुरक्षा सामाग्री समेत ६४ आईटम शिलबन्दी दरभाउ पत्रबाट खरिद वापत कुञ्जन मेडिको कन्सर्नलाई रु.२२,५४,४४६।०० का औषधि खरिद गरेको नियमसम्मत देखिएन साथै यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसारको छन्: • आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको, • आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन । • औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको, • औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको । औषधी खरिद गरि सकेपछि स्वास्थ्य सेवाबाट प्रमाणित कार्य निर्देशिका अनुसार LMIS मा प्रविष्ट गर्नुपर्नेमा खरिद गरिएमा औषधी LMIS मा प्रविष्ट नगरेको कारण उक्त औषधि खरिद गरे नगरेको समेत आश्वस्थ हुने आधार नभएकोले यस सम्बन्धमा छानविन हुनुपर्दछ ।	२,२५४,४४६
२४			**तलब भत्ताः**	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२४.१</td><td></td><td></td><td>पारिश्रमिक कर छुटः आयकर ऐन, २०५८ को दफा ८७ अनुसार रोजगार दाताबाट अनुसूची १ बमोजिम कर कट्टा गर्नु पर्ने व्यवस्था छ ।यस कार्यालयमा कार्यरत कर्मचारीहरुको बार्षिक आयमा लाग्ने कर नियमानुसार कट्टी छुट देखिएकोले सम्बन्धितबाट असुल गर्नुपर्ने रु.
<table>
<tr><th>नामपद</th><th>बार्षिक आय</th><th>कर छुट आय</th><th>करयोग्य आय</th><th>छुट कर</th></tr>
<tr><td>यज्ञ बहादुर बस्नेत ज.स.नि</td><td>६६५२९८</td><td>५५७४९५</td><td>१०७८०२</td><td>११५६०</td></tr>
<tr><td>दिपक चन्द ज.स.नि</td><td>६६५२९८</td><td>५५७४९५</td><td>१०७८०२</td><td>११५६०</td></tr>
<tr><td>रोजगार संयोजक राज कुमार वली</td><td>५२५१५०</td><td>४७५०००</td><td>५०१५०</td><td>५०१५</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>२८१३५</td></tr>
</table></td><td>२८,१३५</td></tr>
<tr><td>२४.२</td><td></td><td></td><td>तलबि प्रतिवेदनः निजामती सेवा ऐन 2049 को दफा 7 ख 2 वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्वास्थ्य तर्फका १७ कर्मचारीहरुको तलवी प्रतिवेदन पारित नगरी रु. ८३०१२०२।०० तलब खर्च लेखेको पाईयो ।तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२५			**पुर्व निर्धारित क्षतिपुर्तिः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ (क) मा सम्झौता अनुसार समयमा मालसामान आपूर्ती गर्न नसकेमा आपुर्तिकर्ता संग सम्झौता रकमको १० प्रतिशतमा नबढ्ने गरी प्रतिदिन ०.०५ प्रतिशतको दरले पुर्व निर्धारित क्षतिपुर्ति रकम असूल गर्नुपर्ने उल्लेख छ। देहायका सामान आपूर्तिकर्ता तथा निर्माण व्यवसायीले संम्झौता अनुसार तोकिएको मितिमा कार्य सम्पन्न नगरी ढिला कार्य सम्पन्न नगरेकोले निम्न अनुसार पूर्व निर्धारित क्षतिपूर्ति असूल गरि राजस्व दाखिला गर्नुपर्ने रु	३८२,८३५

निर्माण व्यवसायीको नाम	**संझौता रकम**	**काम सम्पन्न गर्नुपर्ने मिति**	**काम सम्पन्न गर्नुपर्ने मिति**	**ढिला दिन**	**जरिबाना**
डिग्रे शाईकुमारी सप्लायर्स	3967270	2077/12/20	2078/3/30	90	178527.15
अग्री इन्कर्पोरेटेड प्रा लि	2754000	2077/7/10	2077/7/27	१7	23409
सिस्ने स्थाई कन्स्ट्रक्सन	3611857	2077/3/20	2077/5/14	44	81660.85
विसाल निर्माण सेवा	2348347	2077/3/30	2077/5/10	40	46966.94
अलामा इन्टरनेशनल	1742460	2078/3/30	2078/5/30	60	52273.80
जम्मा					**३,८२,८३५।००**

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२६			**प्रसुती सेवा भवन निमार्णः**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२६.१	३६	२०७७-६-२१	वोलपत्रको माध्यमवाट प्रसुती सेवा भवन रु६६¸६९¸५२५।०० (लागत मूल्यको तुलनामा ३४.५४ घटीमा) मा मिति २०७७।९।११ मा कार्य सम्पन्न गर्ने गरी मिति २०७६।९।१० मा निर्माण व्यवसायी न्यू लक्ष्मी निर्माण सेवासंग सम्झौता भएको थियो । यस सम्वन्धमा देखिएका व्यहोरा निम्न अनुसार छन । क) सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(४) अनुसार वोलपत्रदाताले लागत अनुमानभन्दा १५ प्रतिशत सम्म कम अंक कवोल गरेमा कवोल अंकको ५ प्रतिशत र लागत अनुमानको १५ प्रतिशत भन्दा वढी घटेर कवोल गरेको अवस्थामा १५ प्रतिशत भन्दा जति रकमले घटी कवोल गरेको छ सोको ५० प्रतिशतले हुने आउने रकम कवोल अंकको ५ प्रतिशतमा थप गरि कार्यसम्पादन जमानत वापत दाखिला गर्नुपर्ने उल्लेख छ । साथै स्पेशल कन्डिसन अप कन्ट्रक्टमा लागत अनुमानको १५ प्रतिशत भन्दा कम भएकमा सुत्र अनुसार { (०.८५ – लागत अनुमान – विड रकम)–०.५ + विडर कमको ५ प्रतिशत} वैंक जमानत राखी सम्झौता गर्नुपर्ने उल्लेख छ । निर्माण व्यवसायीले लागत अनुमान १०१९७२३०।०० भएकोमा रु ६६¸६९¸५२५।०० मा सम्झौता गरेको देखिन्छ । विडरले संझौता गर्दा रु १३३२५३६।५० वैंक जमानत राख्नुपर्नेमा कृषि विकास वैंकको रु.२९१०००।०० मात्र वैंक जमानत राखि सम्झौता गरेको देखिएकोले नपुग रु.१०¸४१¸५३६।५० को वैंक जमानतको लेखिएको म्याद सम्मको वैंक ग्यारेन्टी पेश हुनुपर्ने रु.	१,०४१,५३६.५
२६.२			ख) निर्माण व्यवसायीले तेस्रो रनिङ्ग विल वापत रु.११४६१४७।५८ को विजक पेश गरेकोमा पालिकाले संघिय शसर्त अनुदान तर्फवाट भौ नं २ मिति २०७८।२।२४ गर्न रु.१२४६१४७।०० भूक्तानी दिएको विलभन्दा वढि भुक्तानी रकम रु. १०००००।०० निर्माण व्यवसायीवाट असूल गरी संघिय संचित कोष दाखिला गर्नुपर्ने रु.	१००,०००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२७			**एउटै फर्मबाट पटक पटक खरिद** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ को उपनियम १(ख) मा एक आर्थिक वर्षमा पटक पटक गरी एउटै फर्मवाट रु. ५ लाख सीमा भन्दा वढीको काम सिधै गराउन नसकिने उल्लेख छ । पालिकाले वोलपत्र छल्ने मनसायले प्रतिस्प्रर्धा नगराई एकै फर्मवाट देहाय अनुसारको काम तथा एउटै सडकको काम टुक्रा टुक्रा गरी एकै फर्मवाट पटक पटक गरी गराएको छ । एउटै फर्मवाट लागत अनुमानकै दरमा काम गराउंदा मितव्ययी भएको समेत देखिएन तसर्थ उक्त कार्य नियम सम्मत नदेखिएको रु.	१,९९९,०८७

भौ नं र मिति	**निर्माण व्यवसायीको नाम**	**कामको विवरण**	**भूक्तानी रकम**
१२।०७७।५।१८	जेनिसा निर्माण सेवा	वाघचौर सडक	३९९५४५।००
		वाघचौर सडक	४७५१६९।००
		वाघचौर सडक	४७०५१०।००
८।२०७७।११।६	व्रोसिस कम्प्यूटर्स	कम्प्यूटर १ गोटा लगायत	४८७०७५।००
८।२०७७।११।६	व्रोसिस इन्फोटेस	प्रिन्टर ६ गोटा लगायत	१६६७८८।००
जम्मा			**१९¸९९¸०८७/**

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२८			**बिमा खर्चः** निर्माण व्यवसायीलाई रकम भुक्तानी दिनुपूर्व पि.आई.एस तथा जेनेरल आईटममा भएको विमा फर्म वापत रकम भूक्तानी दिदा संझौतामा उल्लेख भएको काम सम्पन्न गर्नुपर्ने अन्तिम मिति देखि त्रुटीसच्याउने अवधीसम्म समावेश हुनेगरी मिति भएको वीमा पोलिसी सहितको कर विजक हुनुपर्दछ । देहायका निर्माण व्यवसायीलाई विमा वापतको रकम भूक्तानी गर्दा सम्झौता अनुसारको त्रुटीसच्याउने अवधि समेतलाई धान्ने तथा म्याद थप भएकोमा विमाको अवधि थप भएको प्रमाण विना नै विमा वापतको रकम समेत भुक्तानी दिएको हुदा उक्त रकम निर्माण व्यवसायीवाट असूल गरि संचितकोषमा दाखिला गर्नुपर्ने रु.	२५४,१०९

सि.नं.	भौ.नं.र मिति	निर्माण व्यवसायीको नाम	कामको विवरण	विमा खर्च रकम
1	27/2078/1/12	जेनिसा निर्माण सेवा	स्वा.चौ. निर्माण	27000.00
2	154/078/3/29	जनक कन्स्ट्रक्सन	सडक निर्माण	90000.00
3	42/077/6/29	विशाल निर्माण सेवा	सडक निर्माण	37603.00
4	15/077/5/18	जेनिसा निर्माण सेवा	स्वा.चौ. निर्माण	49506.00
5	17/077/12/23	जेनिसा निर्माण सेवा	स्वा.चौ. निर्माण	50000.00
		जम्मा		2¸54¸109/

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२९</td><td></td><td></td><td>

बैंक ग्यारेन्टीः

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११० (४) अनसार सम्झौता गर्नुपूर्ब त्रुटी सच्याउने अवधि सम्मको भन्दा कम्तीमा १ महिना वढी परफरमेन्स बैङ्ग ग्यारेन्टी भएको हुनु पर्दछ । देहायका निर्माण व्यवसायीहरुले तोकिएको समय भन्दा कम अवधिको बैङ्ग ग्यारेन्टी राखी सम्झौता गरेको छ ।तसर्थ परफरमेन्स बैङ्ग ग्यारेन्टीको म्याद थप भएको प्रमाण पेश हुनु पर्दछ । केही उदाहरण निम्न अनुसार छन् ।

<table>
<tr><th>सि.नं.</th><th>निर्माण व्यवसायीको नाम</th><th>सम्झौता रकम</th><th>काम सम्पन्न गर्नुपर्ने मिति</th><th>वैंक ग्यारेन्टीको मिति</th><th>हुनुपर्ने मिति</th><th>घटी समय</th><th>रकम</th></tr>
<tr><td>१</td><td>जेनिसा निर्माण सेवा</td><td>5893547</td><td>078/9/30</td><td>079/4/19</td><td>2079/10/30</td><td>6 महिना</td><td>396000</td></tr>
<tr><td>२</td><td>न्यू तुलसी निर्माण सेवा</td><td>6669525</td><td>2077/9/11</td><td>2077/10/30</td><td>2078/10/11</td><td>११ महिना</td><td>291000</td></tr>
</table>

</td><td></td></tr>
<tr><td>३०</td><td></td><td></td><td>

अनुगमन तथा सम्परीक्षण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा भई सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ ।

(रु.हजारमा)

<table>
<tr><th>गत वर्षसम्मको बेरुजू
(A)</th><th>यो वर्ष संपरीक्षण गरिएको बेरुजू
(B)</th><th>गत बर्षसम्मको बाँकी बेरुजू
(C=A-B)</th></tr>
<tr><td>६१२९०</td><td>०</td><td>६१२९०</td></tr>
</table>

</td><td></td></tr>
</table>